# अमरगढी नगरपालिकाको आ.व.२०८०/८१ को बजेट वक्तव्य

यस गरिमामय सभाका सभाध्यक्ष महोदय,
नगर सभा सदस्यज्यूहरु,

१. कोभिड १९ महामारीका कारण विश्व जगत नै शिथिल र आक्रन्त भएका वेला हाम्रो देश नेपाल पनि त्यसको सिकार भएको कुरा यहाहरुलाई अवगत नै छ । हाल देशको अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतिहरुलाई मध्यनजगर गर्दै यस कठिन घडीमा पनि यो गरिमामय सभा समक्ष आगामी आर्थिक बर्षको बजेट प्रस्तुत गर्न पाउँदा गौरबान्वित भएको छ । देश संघिय प्रणालीमा गईसकेपछि सवैधानिक व्यवस्था बमोजिम स्थानिय तहको दोस्रो निर्वाचन पश्चात यसै गरिमामय दोस्रो बजेट अधिवेशनमा प्रवेश गरिसकेका छौ ।

२. देशमा बिभिन्न समयमा भएका परीवर्तन र लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका आन्दोलनमा आफ्नो जिवनको अहुती दिनु हुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपुर्ण श्रद्दाञ्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता , स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनको कठिन परिस्थितिमा पनि अथक योगदान दिने सम्पुर्ण आदरणिय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. आम जनताको विकास र समृद्धिको चहानालाई सम्वोधन गर्ने तथा सिमान्तकृत तथा पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

४. आगामी आर्थिक वर्षको बजेट विद्यमान परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाइ उपयोग गर्ने तर्फ केन्द्रित रहनु पर्दछ भन्नेमा हामि सजक छौं । यस अवस्थामा सबै नेपालीको जीवन रक्षा गर्ने , भविष्य प्रति आधारयुक्त आशा जगाउने र अर्थतन्त्रको पुनरुत्थान गर्दै तीब्र विकासको बाटोमा लैजाने गरी हामिले छलफल गरी सोही बमोजिम बजेट तर्जुमा गर्ने प्रयास गरेको छु ।

५.मैले बजेट तयार पार्दा नेपालको संविधान, विद्यमान कानुनहरु, पन्ध्रौ योजना र दिगो विकास लक्ष्यहरु, संघीय र प्रदेश सरकार तथा अमरगढी नगरपालिकाको नीति तथा कार्यक्रमहरुलाई आधार बनाएको छु । वजेट तर्जुमाको सिलसिलामा संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीति, कानुन, मार्ग निर्देशन, मापदण्ड तथा परिपत्रहरुका साथै विभिन्न समयमा सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षण तथा लेखा परिक्षण, विभिन्न प्रतिवेदनमा औंल्याईएका गहनतम मार्गदर्शन, सुझाव र अध्ययन, अवलोकन भ्रमणबाट बोध भएका व्यवहारिक र वस्तुनिष्ठ सिकाइ तथा सफल अभ्यासलाई समेत ध्यान दिएको छु ।

सभाध्यक्ष महोदय,

अव म गत आर्थिक वर्षको यथार्थ आर्थिक गतिविधिको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६. गत आर्थिक वर्ष ०७८/७९मा निकासा प्राप्त अनुदान रू. ५० करोड ५१ लाख ८२ हजार, खुद आन्तरिक आय रु ५ करोड ५५ लाख ८६ हजार भुक्तानी दायित्व तथा संचित कोष मौज्दात रु. ६ करोड १५ लाख १० हजार गरि जम्मा कुल रकम रु. ६३ करोड २१ लाख ७८ हजार मध्ये खर्च रु ४९ करोड ९२ लाख ५७ हजार भएको थियो ।

सभाध्यक्ष महोदय,

अब म अमरगढी नगरपालिकाको चालु आर्थिक वर्षको आर्थिक गतिविधि बजेट कार्यान्वनको समिक्षा गर्ने अनुमति चाहान्छु ।

७. चालु आर्थिक वर्ष ०७९/८० मा कुल खर्च रु. ७० करोड ०९ लाख ६५ हजार हुने अनुमान गरिएकोमा चालु आ.ब. को असार मसान्त सम्मको लागी रु. ७० करोड ०९ लाख ६५ हजार खर्च हुने संशोधित अनुमान छ। यसमा चालु खर्च तर्फ रु ३९ करोड ५७ लाख ६९ हजार र पुँजिगत खर्च तर्फ रु. ३० करोड ५१ लाख ९६ हजार खर्च हुने संशोधित अनुमान छ ।

८.चालु आर्थिक वर्षमा राजश्व संकलन रु. १ करोड ५८ लाख ५५ हजार हुने अनुमान गरिएकोमा चालु आ.ब को असार मसान्त सम्ममा रू१ करोड ५८ लाख ५५ हजार आन्तरिक राजश्व संकलन हुने संशोधित अनुमान छ । जम्मा अनुदान तर्फ आ.ब ०७९ /८० मा रु. ७० करोड ०९ लाख ६५ हजार प्राप्त भएकोमा नेपाल सरकार बाट रु.५५ करोड ४७ लाख २२ हजार र प्रदेश सरकारबाट रु ९८ लाख ६८ हजार बित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने, प्रदेश सरकार र संघीय सरकार संग राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. ०९ करोड ४० लाख ७३ हजार र मौज्दात २ करोड ६४ लाख ४७ हजार समेत कुल रु. ७० करोड ०९ लाख ६५ हजार राजश्व प्राप्त हुने संशोधित अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

९. अब म चालु आर्थिक वर्षमा कार्यान्वयन भएका केही उल्लेखनिय कार्यहरु निम्न बमोजिम भएको ब्यहोरा यहाँहरु समक्ष पेश गर्ने अनुमति चाहन्छु ।



CamScanner

क) स्थानीय तहको गठन र स्थानिय निर्वाचन २०७४ पश्चात जन प्रतिनिधिहरुको उपस्थिति सँगै अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय र ११ वटा वडा कार्यालय स्थापना भई २ वटा वडा कार्यालय आफ्नै र थप ४ वटा वडा कार्यालय निर्माणको चरणमा रहि सम्बन्धित वडाबाट नै नागरिकलाई सेबा प्रवाहको ब्यबस्था गरिएको छ।

ख) सबै वडाहरुमा ग्रामिण सडक स्तरोन्नती, नयाँ ट्रयाक खोल्ने तथा सडक विस्तार गर्ने कार्य सम्पन्न भएको छ भने केहीमा निरन्तरता रहेको छ।

ग) पकेट कार्यक्रम मार्फत आलु र गाई-भैंसीमा नागरिकहरुको साझेदारीमा कार्यक्रम संचालिन गरिएको छ।

घ) पशु स्वास्थ्यको लागी नि शुल्क औषधी वितरण सम्बन्धीत पशु सेबा केन्द्रहरुबाट नि: शुल्क वितरण तथा अन्य पशुपालन लक्षित कार्यक्रमहरु सम्पन्न गरिएको छ।

ङ) स्वास्थ्य सेवामा पहुच नभएका समुदायका लागी थप सामुदायिक स्वास्थ्य संस्था स्थापना गरि कार्यक्रम सन्चालन गरिएको छ। स्वास्थ्य संस्थाहरुको स्तरोन्नति एवं भौतिक सुबिधा सम्पन्न बनाई स्वास्थ्य सेबालाई प्रभावकारी बनाईएको छ। नगरपालिका भित्रका स्वास्थ्य केन्द्रका गुणस्तर सुधार एवम् स्तरोन्नतिको कार्य सम्पन्न गरिएको छ। मातृ, शिशु र बाल स्वास्थ्मा उल्लेखनीय सुधार भएको छ। वडा स्तरमा नै स्वास्थ्य सेवा प्रदान गर्न आधारभूत स्वास्थ्य केन्द्र स्थापना भएका छन।

च) स्थानिय गैर सरकारी संस्थाको सहकार्यमा नगरपालिका स्तरीय बिभिन्न कार्यक्रम तथा महोत्सबहरुको आयोजना गरिएको छ।

छ) राज्यबाट उपलब्ध गराईएका सबै खोपहरु बालबालिकाहरुलाई नि:शुल्क र गुणस्तरिय रुपमा उपलब्ध गराईएको छ।

ज) बालबालिकाहरुमा निमोनिया, झाडापखला,कुपोषण जस्ता स्वास्थ्य समस्या हुन नदिन समयमै व्यवस्थापन गरिएको छ।

झ) सबै आमा र बच्चाहरुको स्वास्थ्य जाँच गरि सर्वसुलभ पहुँच हुने गरी स्वस्थ्य सेवा प्रदान गरिएको छ।

ञ) विद्यालय नर्सिङ कार्यक्रमलाई व्यवहारमुखी बनाई विद्यार्थि जिम्मेवार पद्धतिलाई अभ्यासमुखी बनाईएको छ।

ट) नगरपालिकालाई पोषणमैत्रि बनाउने लक्ष्य पुरा गर्न यसै वर्ष वडा नं. १० लाई पोषणमैत्री वडा घोषणा गरिएको छ।

ठ) सबै वडाका टोलहरुमा "साथ विधि" लागु गरिएको छ।

ड) अमरगढी नगरपालिका क्षेत्र भित्र प्रस्तावित औधोगिक ग्रामको निर्माण कार्य अगाडी बढाईएको छ।

ढ) सामाजिक तथा आर्थिक क्षेत्रको प्रगति सन्तोसजनक छ। बिद्यालय जाने उमेरका बालबालिकाको भर्ना र बिद्यालय शिक्षा पुरा गर्ने दर बढेको छ। आधारभूत तथा माध्यमिक शिक्षा सहित सबै तहको शिक्षामा लैङ्गिक समानता हासिल भएको छ। प्राथमिक तहको स्थानीय पाठ्यक्रम निर्माण भई लागु गरिएको र थप स्रोत सामग्री निर्माण कार्य जारि रहेको छ।

ण) आधारभूत खानेपानी सुबिधाको पँहुच अधिकांस जनसंख्यामा पुगाउनकालागी बिभिन्न प्रयासहरु भएका छन।

त) सूचना प्रबिधि तथा आम सन्चारका माध्यमको संख्यात्मक तथा गुणात्मक बिकास भएको छ।

थ) वित्तिय सेबाको पँहुच उल्लेखिय बढेको छ। बित्तिय कारोबारमा सुचना प्रबिधिको प्रयोगमा व्यापकता आएको छ।

१०. उल्लेखित कार्य प्रगति हुँदाहुँदै पनि अमरगढी नगरपालिकाको बिकासका लागी बिभिन्न समस्या चुनौतिहरु विधमान छन। समष्ठिगत आर्थिक स्थायित्वका अधिकाशं परिसुचकहरु सकरात्मक रहेपनि कोरना महामारी बाट उत्पन्न परिस्थिति र मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतिका कारण यि परिसुचकहरु दवावमा परेका छन्। भौगोलिक, हावापानी, साँस्कृतिक एवम् सामाजिक विशिष्टताका दृष्टिले विविधतायुक्त यस नगरपालिमा विकासका दृष्टिले सबै बस्ति र समाज समान रुपमा उन्नत छैन। कठिन भुगोल र तुलनात्मक रुपमा जोखिमयुक्त क्षेत्रमा आवागमनमा असहजता, निर्माणको दृष्टिले बढी खर्चिलो र प्राकृतिक दृष्टिले जोखिमयुक्त छ। अमरगढी नगरपालिकाको समग्र विकासको सन्दर्भमा देखिएका समस्या तथा चुनौतिहरुलाई निम्नानुसार उल्लेख गर्न चाहन्छु।

क. बिगत केही बर्ष देखी निरन्तररुपमा हासिल हुँदै आएको आर्थिक बृद्दिर मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतिबाट प्रभावित हुने प्रारम्भिक अनुमान छ। पर्यटन, यातायात, उत्पादन मूलक उद्योग र निर्माण तर्फको उत्पादन संकुचित हुने अनुमान छ।

ख. स्थानिय स्रोतबाट आम्दानि प्रयाप्त नभएको र विकास योजना तर्जुमा गर्दा प्रचलित कानून र वजेट तर्जुमा दिग्दर्शन लगायतका आधारहरु र चरणवद्ध अवलम्वन हुन नसकेका कारण स साना टुक्रे आयोजनाहरु बनाउने र स्रोतलाइ छरपष्ट पारिने प्रवृतिले समग्रमा अनुभव योग्य कुनै परिवर्तन नहुने समस्या रहेको छ। स्रोतलाइ एकीकृत गरी ठुला एवं लाभयुक्त आयोजनाहरु तर्जुमा गरी नागरिकले प्रत्यक्ष अनुभव गर्न सक्ने विकास कार्यक्रम कार्यान्वयन गरी समाजमा रोजगारी सृजना र सामाजिक एवं आर्थिक विकासमा टेवा पुर्याउनु चुनौतिपुर्ण देखिन्छ।

ग. पूर्वाधार निर्माणमा नागरिकमा जग्गाको विषयमा विवाद हुने, लाभग्राहिबाट योगदान गर्न नचाहने प्रवृतिले विकासका कार्यमा अवरोध पुगि रहेको देखिन्छ। उपभोक्ता समिति मार्फत संचालित आयोजनाहरुमा निर्माण सम्बन्धी विशिष्ठ ज्ञान र उपकरण नहुदा निर्माण व्यवसायि वा सव कन्ट्रयाक्टर मार्फत कार्य गर्ने प्रवृतिले निर्माणमा अस्वस्थ प्रतिस्प्रर्धा सृजना हुने र सुशासन कायम गर्न चुनौति भई प्रचलित कानुनको उल्लधन हुने अवस्था देखिएको छ।

घ. उपभोक्ता समितिबाट कार्यान्वन हुने आयोजनाहरुको सन्दर्भमा उपभोक्ता समितिहरुको दक्षताको अभावका कारण उपभोक्ता समितिहरु समयमा योजना सम्झौता गर्न नआउने, आयोजनाहरु समयमै कार्यान्वियन नहुने र आर्थिक वर्षको अन्त्यसम्म आयोजना सन्चालन गरी आषाढ मसान्तमा मात्र भुक्तानि लिन आउने प्रवृति, उपभोक्ता समितिमा वर्षौं देखि एकै व्यक्तिको उपस्थितिले अन्य उपभोक्ताले अवसर

नपाउने र सार्वजनिक परीक्षणको प्रावधानको उचित कार्यान्वन नगर्ने प्रवृतिले आर्थिक अनुशासन कमजोर भई स्रोत दुरुपयोग हुने सम्भावना बढ्ने गरेकोछ । उपभोक्ता समितिको क्षमता विकास सार्वजनिक परिक्षणलाई प्रभावकारी गराउन पनि चुनौतिपुर्ण रहेको छ ।

ङ. निर्माण व्यवसायि मार्फत निर्माण हुने पूर्वाधार आयोजनाहरुमा प्राविधिक सुपरिवेक्षण न्यून र निर्माण व्यवसायिले कानुन अनुसार निर्माण आयोजनामा राख्नुपर्ने प्राविधिकको व्यवस्था नगरेकाले निर्माण कार्यको गुणस्तरमा सुधार कायम गर्न चुनौति रहको छ ।

च. LISA , FRA र प्रकृतिक स्रोत तथा वित्त आयोगको कार्य मुल्याङ्कनमा उल्लेख्य सुधार गर्न चुनौति रहेको छ ।

छ. स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन बमोजिमका क्षेत्र पहिचान र योजना तर्जुमा गर्न निकै चुनौति रहेको छ ।

सभाध्यक्ष महोदय,

११. अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन।

क) उपलब्ध साधन स्रोत अबसर र क्षमताको उच्चतम परिचालन गरी शीघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिने ।

ख) नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आबश्यकता परिपुर्ति मार्फत नगरको लोककल्याणकारी भूमिका बढाउने ।

ग) सामाजिक, आर्थिक र भौतिक पुर्वाधार बिकास मार्फत समृद् नगर निर्माण गर्दै लैजाने ।

घ) अर्थतन्त्रलाई गतिशिल बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्न राष्ट्रिय नितिलाई अङ्गिकार गर्ने ।

ङ) गुणस्तरिय समाजिक विकास, सुरक्षा र न्याय प्रत्याभुत गर्ने ।

च) लगानीमैत्री बातावरण निर्माण गरि रोजगारका अवसरहरु श्रृजना गरि गरिवि न्यूनिकरण गर्ने ।

छ) बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता अभिवृद्धि गर्ने ।

१२. बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

क) गुस्तरिय स्वास्थ्य सेबा सर्वसुलभ बनाउन स्वास्थ्य सेबाको दायरा बिस्तार, सेवाको दायरा बृद्धि र स्वास्थ्य जनशक्ति विकास । नगरका सवै नागरिकलाई कोरोना भ्याक्सिन लगाउने कार्य निरन्तर रहेको,

ख) हाल देशको अर्थतन्त्रमा देखापरेको समस्या एव चुनौतिबाट टुटेको उत्पादन र आपूर्ति शृंखलालाई पुनर्स्थापना गर्दै कृषि, उद्योग, पर्यटन, निर्माण लगायतका प्रभावित ब्यबसायको पुनरुत्थान तथा रोजगारी सिर्जना गर्न लघु, घरेलु तथा साना उद्योग स्थापनामा विशेष जोड ,

ग) नागरिकका लागि काम र रोजगारीका अवसर, खाध्य सुरक्षा, सुरक्षित आवास, सर्वकालीन सामाजिक सुरक्षा र संरक्षण ,

घ) बिकासको शिघ्र प्रतिफल प्राप्त हुने आगामी बर्ष भित्र सम्पन्न हुने अधुरा आयोजना कार्यन्वयन ,

ङ) गुणस्तरीय र जीवनोपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभूत खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास निर्माण ,

च) गुणस्तरीय तथा पहुंचयुक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शी शासन व्यबस्थाको सुद्रिढीकरण ,

छ) कृषि उर्जा र पर्यटन क्षेत्रको विकास,

ज) गुणस्तरिय भौतिक पूर्वाधार निर्माण ,

झ) बातावरण संरक्षण , जलवायु परिवर्तन र विपद व्यवस्थापन ,

ञ) मानव संशाधन विकास, रोजगारि सिर्जना र सार्वजनिक वित्त प्रणालीमा सुधार ,

आगामी बर्षको क्षेत्रगत बजेट बिनियोजन गर्दा आर्थिक पुर्नउत्थान हुने, तत्काल प्रतिफल प्राप्त गर्न सकिने, आगामी आर्थिक बर्षमै सम्पन्न हुने, चालु आयोजनाहरुको कार्यान्वयन निरन्तरता सुनिस्चित गर्ने र सेवा प्रवाहलाई प्रभाबकारी बनाउन संघ र प्रदेश सरकारसंग उच्चतम समन्वय र सहकार्य गर्ने तथा सार्वजनिक, निजि, सहकारी र सामुदायिक क्षेत्रसंगको साझेदारीबाट विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमतर्फ जोड दिइएको छु ।

सभाध्यक्ष महोदय,

अब म यिनै उद्देश्य चुनौति र प्राथमिकताका आधारमा अमरगढी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ लागी तयार पारिएको बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा मुख्य केही कार्यक्रमहरुलाई उल्लेख गर्न चाहन्छु ।

१३. विपन्न नागरिकहरुलाई रोजगारी प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमसंग साझेदारी गरि कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु ।

१४. खाध्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वालिको पकेट विकास कार्यक्रम संचालन गर्न प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनासंग साझेदारी गरि कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु ।

१५.गाई, भैसीको साना व्यवसाय प्रवर्धन तथा कृषि उत्पादन वृद्धि गरि पकेट विकास कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।

१६. रैथाने वालीको संरक्षण र प्रवर्द्धनका लागि वजेट विनियोजन गरेको छु ।

१७. व्यत्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाई वडा कार्यालयहरुबाट Online सेवा प्रवाह भईरहेको छ । साथै सामाजिक सुरक्षा संरक्षण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता वैंकिङ् प्रणालि मार्फत वितरण गरिने कार्यलाई निरन्तरता दिईएको छ ।



CamScanner

१८. सामुदायिक विधालयहरुको शैक्षिक गुणस्तर सुधार गरि पठन पाठनलाई थप गुणस्तरिय वनाउन विधालयहरुमा भौतिक पूर्वाधार निर्माण सुधार को व्यवस्था गर्न आवस्यक समन्वय गरिनेछ।

१९. चालु आर्थिक वर्षमा संचालित विधार्थीको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२०. बाल स्वास्थ्य एवं पोषण कार्यक्रमलाई थप प्रभावकारी वनाउन विगतको बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।

२१. लघु उद्य विकास मोडेलमा नयां लघु उद्यी सिर्जना गर्न, उद्यीको स्तरोन्नति, साझा सुविधा केन्द्र स्थापना, प्रविधि हस्तान्तरण लगायतका कार्यक्रमहरु संचालन र महिला उधमी केन्द्र स्थापना गर्न वजेट विनियोजन गरिएको छ ।

२२. यस जिल्लाको प्राकृतिक सम्पतिको मुख्य श्रोतको रुपमा रहेको महाभारत क्षेत्रको संरक्षण र सम्बद्धनका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ

२३. लागु औषध दुरुपयोग तथा ओसार पसार कार्यलाई न्यूनिकरणका लागि बजेट विनियोजन गरेको छु।

२४. युवा रोजगारीका लागी रुपान्तरण पहल परियोजना संचालन गर्न आवश्यक वजेट व्यवस्था गरेको छु।

२५. रोजगार सेवा केन्द्रलाई थप सुदृढ गरी प्रभावकारी बनाईनेछ।

२६. प्रविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको मापदण्ड बमोजिम प्रविधिक शिक्षा संचालन भईरहेका विद्यालयहरुलाई संचालन अनुदान दिने व्यवस्था गरेको छु।

२७. घटाल चिम्रिकोट सडकलाई सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२८. आन्तरिक उत्पादनलाई बढावा दिई निर्यात प्रवर्धन गर्न वडा नं

. १,२ र ३ मा वृहत सिँचाई आयोजना संचालन गर्न बजेट विनियोजन गरेको छु।

२९. सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिएको छु।

३०. उग्रतारा स्वास्थ्य चौकी भवन निर्माण कार्यको थालनी गर्न बजेट व्यवस्था गरेको छु।

३१. क्रमागत रुपमा रहेका झोलङ्गे पुलहरु सम्पन्न गर्न बजेट व्यवस्था गरेको छु।

३२. हाल पशुहरुमा महामारीको रुपमा फैलिरहेको लम्फि स्किन रोग नियन्त्रणका लागी संघ र प्रदेश संग साझेदारी गर्न बजेट विनियोजन गरेको छु।

३३. नगरपालिका कार्यरत कर्मचारिहरुको मनोवल उच्च राख्न कार्य प्रगति मूल्याङ्कन गरी दण्ड र पुरुस्कारको व्यवस्था प्रभावकारी बनाईने छ।

३४. कर्मचारीको योग्यता, क्षमता लाई उच्च मूल्याङ्कन गरि कार्यप्रगतिका आधारमा प्रोत्साहान तथा फिल्ड भत्तामा हाल विद्यमान रहेको असमानता अन्य गर्न आन्तरिक नियन्त्रण प्रणालीमा आवश्यक व्यवस्था गरिनेछ।

३५. Mayor support on the Spot कार्यक्रमका लागी बजेट विनियोजन गरेको छु।

३६. प्रस्तुति संग उप-प्रमुख कोसेली कार्यक्रमकोलागी बजेट विनियोजन गरेको छु।

३७. ब्लड बैंक, आँखा अस्पताल र महिला सेफ हाउस संचालन तथा व्यवस्थापनका लागी बजेट विनियोजन गरेकोछु।

सभाध्यक्ष महोदय,

३२. अव म आगामि आर्थिक वर्ष २०८०/८१ मा अमरगढी नगरपालिकाको राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु।

३३. चालु आर्थिक वर्षमा आन्तरिक आय रु. १ करोड ५८ लाख ५५ हजार हुने संसोधित अनुमान रहेकोमा यस बजेटद्वारा प्रस्ताव गरिएको कर तथा राजश्व सम्बन्धी नीतिका कार्यान्वयनबाट आगामि आर्थिक वर्षको आषाढ मसान्त सम्ममा आन्तरिक आय र नगद मौज्दात रु. ३ करोड ५ लाख संकलन हुने, नेपाल सरकारबाट रु ३४ करोड ८७ लाख र प्रदेश सरकारबाट रु २ करोड ५१ लाख १३ हजार वित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने, संघीय र प्रदेस सरकारबाट राजश्व बाँडफाँड बाट प्राप्त हुने रु. ८ करोड ८५ लाख १० हजार समेत कुल रु.४९ करोड २३ लाख २३ हजार राजश्व प्राप्त हुने अनुमान गरिएको छ। आन्तिरक आय श्रोत तर्फका कर दरहरु छुट्टै अनुसूचिमा प्रस्तुत गरेको छु।

१. आगामि आर्थिक वर्षमा हुने व्यय तर्फ उपभोग तथा चालु प्रकृतिका कार्यक्रमहरु लगायतका खर्च व्यवस्थापनको लागि कुल रु.३४ करोड ३५ लाख १० हजार चालु तर्फ, पुंजी बृद्धी तथा विभिन्न विकास निर्माणका लागि कुल रु.१४ करोड ८८ लाख १३ हजार पुँजिगत तर्फ विनियोजन गरिएको छ सभाध्यक्ष महोदय,

२. अन्त्यमा, बजेट तर्जुमा गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु। साथै सबै नगरबासी दिदिबहिनी तथा दाजुभाईलाई हार्दिक धन्यवाद दिंदै सबल, समृद्ध र न्यायपुर्ण नगर निर्माणमा योगदान गर्न आह्वान गर्दछु।

पार्वती देबी भुकाल
उप-प्रमुख
मिति:२०८०/०३/०७ गते बिहीबार



CamScanner